नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २५१ २०८१ साल बैशाख २९ गते शनिबार (11 May 2024 Saturday) मूल्य रु. ५/-


सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : आगलागीबाट पाँच वर्षमा साढे.. ३ पृष्ठमा : सम्भावित महामारी नियन्त्रण ... ३ पृष्ठमा :भारतको सर्वोच्च अदालतद्वारा..

# मधेशी अधिकारका लागि संगठित अभियानको नेतृत्वकर्ता स्व. सिंहको सम्झनामा “स्मृती भवन तथा संग्रहालय” निर्माण हुदै





**दैनिक समाचारदाता**
**राजविराज, २८ बैशाख ।**
मधेशी अधिकारका लागि संगठित अभियानको नेतृत्वकर्ता स्व. नेता गजेन्द्र नारायण सिंहको स्मृति एवं सम्झनामा राजविराजमा “गजेन्द्र स्मृती भवन तथा संग्रहालय” निर्माण हुने भएको छ ।

जनमत पार्टीका राष्ट्रिय अध्यक्ष एवं सप्तरी क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित डा. सीके राउतको विशेष पहलमा संघीय सरकारबाट ६० लाख २० हजार ६ सय ४७ (मुल्य अभिबृद्धि करसहित) को लागतमा सो भवन निर्माण हुन लागेको हो ।

यसैबीच सो भवन संरचनाको शुक्रबार एक कार्यक्रमबीच मधेश प्रदेशसभा सदस्य एवं प्रदेशका पूर्वशिक्षा मन्त्री महेश प्रसाद यादवले शिलान्यास गरेका छन् । शिलान्यास कार्यक्रमका क्रममा आयोजित भूमि पुजनमा प्रमुख अतिथि प्रदेश सांसद यादवका साथै अर्का प्रदेश सांसद सतिशकुमार सिंह, राजविराज नगरपालिकाका कार्यवाहक प्रमुख इसरत परबिन, वडा अध्यक्ष अरुण यादव पनि सरिक भए ।

राजविराज नगरपालिकाले गजेन्द्र नारायण सिंह स्मृति सामुदायिक भवन तथा संग्रहालय निर्माणका लागि वडा नं. २ मा प्रस्तावित राजविराज बस पार्क नजिकै ८ कठ्ठा १ धुर जग्गा उपलब्ध गराएपछि शहरी विकास मन्त्रालयको बजेटमा सो भवन निर्माण हुन लागेको हो ।

कृति बिल्डर्स राजबिराजले २०८१ असार १४ गतेभित्र निर्माण कार्य सम्पन्न गर्ने गरि भवन निर्माणको ठेक्का पाएको छ । निर्माण कम्पनीका प्रमुख अरबिन्द यादवले उक्त निर्माण कार्यको २०८१ बैशाख १६ गते शहरी विकास तथा भवन निर्माण विभागसँग सम्झौता भएको बताए ।

उक्त सम्झौता अनुसार नवनिर्मित भवनमा १/१ वटा सभाहल, संग्रहालय र स्मृति भवन, दुई वटा कार्यालय कोठा, एक वटा सुरक्षा गार्ड बस्ने कोठा, भान्छाकोठा, शौचालय र बाथरुम लगायतको सुविधा रहने सघन शहरी तथा भवन निर्माण आयोजना सप्तरीका इन्जिनियर राजकुमार मिश्रले जानकारी दिए ।

प्रमुख अतिथि प्रदेशसभा सदस्य यादवले स्मृती भवनलाई बिभिन्न सामाजिक कार्यका लागि प्रयोग गरिने तथा संग्रहालयमा स्व. गजेन्द्र नारायण सिंहको जीवन संग जोडिएका महत्वपूर्ण दस्तावेज, पुस्तक तथा अन्य सामग्रीहरु संग्रह गरी राखिने योजना रहेको बताए ।

अर्का प्रदेश सभा सदस्य सतिश कुमार सिंहले मधेशीका प्रणेता मानिएको स्व. सिंहको सम्झनामा र उनको योगदानलाई कदर गर्दै कालान्तरसम्म जिवित राख्ने उद्देश्यले आफ्नो पार्टीका राष्ट्रिय अध्यक्ष डा. राउतको विशेष पहलमा यो कदम चालिएको उल्लेख गरे ।

शिलान्यास कार्यक्रममा

***बाँकी अन्तिम पृष्ठमा***

# २२ बर्ष पछि बल्ल बन्ने भो स्व. सिंहको संग्रहालय भवन

**दैनिक समाचारदाता**
**राजविराज, २८ बैशाख ।**
मधेशको मसिहा भनेर सम्बोधन गरिने सम्मानित नाम हो, गजेन्द्र नारायण सिंह । मधेशी जनतालाई जनसंख्याको आधारमा राज्यको हरेक अंगमा सहभागिताबारे आवाज उठाउने उनी नेपाल सद्भावना परिषदलाई २०४७ सालमा नेपाल सद्भावना पार्टीको रुपमा स्थापना गरी मधेश आन्दोलनलाई अगाडी बढाएका थिए ।



उनकै बाटो अनुसरण गर्दै मधेशमा करिब एक दर्जनको हाराहारीमा राजनीतिक दलहरु उदाए तर, उनको नामबाट कुनैपनि नयाँ संरचना निर्माण गर्ने तर्फ कसैले ध्यान दिएनन् ।

सिंहको निधन भएको २२ वर्षपछि बल्ल सप्तरी सदरमुकाम राजविराजमा गजेन्द्रनारायण सिंहको संग्रहालय भवन निर्माण शुरु भएको छ ।

विगतलाई हेर्ने हो भने सप्तरीमा पुरानै संरचनाहरुलाई नयाँ नमांकरण गरी गजेन्द्रनाराण सिंहको नामसँग जोडिएको हो ।

राजविराज औद्योगिक क्षेत्र, सगरमाथा अंचल अस्पताल राजविराज र त्रिभुवन चौक जस्ता पुरानै संरचनाहरुको नाम परिवर्तन गरी गजेन्द्रनाराण सिंहको नामबाट नयाँ नामांकरण गरिएको थियो ।

यसरी पुरानै संरचनाहरुलाई प्रणेता सिंहको नामबाट नामांकरण गर्दा स्थानियहरु सन्तुष्ट थिएनन् । उनीहरु स्व. सिंहको नाउँमा नयाँ संरचना निर्माणका लागि

***बाँकी अन्तिम पृष्ठमा***




अनुरोधकर्ता
सप्तकोशी नगर कार्यपालिकाको कार्यालय, सप्तरी

डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं ।

डढेलोले,
➢वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
➢वातावरणीय प्रदूषण बढाउँछ,
➢भू-क्षय बढाउँछ,
➢पानीको मूल सुकाउँछ,

त्यसैले,
वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सबै खाले अतिक्रमण ज्युँको त्युँ

राजविराज नगर क्षेत्रमा अझै पेटी अतिक्रमण कायमै रहेको छ। विभिन्न स्थान, सडक पेटी, सार्वजनिक जग्गा लगायत अतिक्रमणकै चपेटमा रहेको छ। नगरका पसल संचालकहरु पसल अगाडीको फुटपात समेत अतिक्रमण गरेका छन् । मानिस हिड्ने स्थान पनि अतिक्रमणमा पर्दा समेत सम्बन्धीत निकायको ध्यान पुग्न सकेको छैन् । उनीहरुले आफ्नो पसलको अगाडी तथा छेउछाउका स्थानलाई मनोमानी ढंगले प्रयोग गर्दै आइरहेका छन् ।

हुन त नगरपालिकाले विगतमा नगरमा भइरहेको अतिक्रमणप्रति केही प्रयास गरेपनि हाल त्यसप्रति मौन रहेको छ। पेटी अतिक्रमणले नगरपालिकाले बटुवालाई सुरक्षित ढंगबाट हिड्डुल गर्न कठिनाई भइरहेको छ। यती मात्र नभएर पेटी अतिक्रमण र जथाभावी सबारीसाधन पार्किङ्गले सवारी चलाउन पनि समस्याहरु पनि भइरहेको छ। सानो तथा खुद्रा पसल थाप्नु मात्र पेटीको अतिक्रमण होइन जथाभावी पार्किङ्ग गर्नु अथवा स्टेण्ड बनाउने कार्य पनि अतिक्रमण हो । सरसफाई तथा नगर सुन्दर बनाउन विगतमा बृक्षारोपन गरे पनि हाल सो सबै मासिएको छ। यस सम्बन्धमा नगरपालिकाको खासै कुनै ठोस कदम चाल्न सकेको छैन् ।

तसर्थ नगरपालिका र स्थानीयवासी समेतको सहयोगमा पहल गरि सबैखाले अतिक्रमण हटाउन तदारुकता देखाएर नगरको सौन्दर्यता बढाउन अहिलेको आवश्यकता रहेको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# आगलागीबाट पाँच वर्षमा साढे नौ अर्बको क्षति

**प्रगति ढकाल**
काठमाडौं, २४ वैशाख (रासस) ।

आगलागीका कारण पछिल्लो पाँच वर्षमा साढे नौ अर्ब रुपैयाँ बराबरको क्षति भएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (एनडिआरआएम)का अनुसार आगलागीका कारण बस्तीलगायतका संरचनामा क्षति पुग्दा रु नौ अर्ब ४७ करोड ४५ लाख ९३ हजार दुई सय २७ बराबरको आर्थिक क्षति भएको छ।

विसं २०७७ सालदेखि २०८१ को बैशाख दोस्रो सातासम्मको अवधिमा आगलागिका कारण उक्त क्षति भएको प्राधिकरणको भनाइ छ। सो आगलागीबाट चार सय २२ जनाले ज्यान गुमाएका छन् भने एक हजार सात सय छ जना घाइते भएका छन् ।

विसं २०८१ मा पाँच सय ६८ ओटा आगलागीका घटनाबाट करिव रु ३१ करोड ७६ लाख बराबरको क्षति भएको छ। आगलागीका कारण १६ जानाले ज्यान गुमाइसकेका छन् भने ५२ जाना घाइते भएका छन्। यस वर्ष आगलागीबाट एक हजार ९४ घरपरिवार प्रवावित भएका छन् भने दुई सय २८ घरमा आंशिक र छ सय २८ घरमा पूर्ण क्षति भएको प्राधिकरणको तथ्याङ्क छ। साथै यस अवधिमा दुई सय ८२ गोठमा क्षति पुगेको छ भने चार सय पशु चौपायामा पनि क्षति पुगेको प्राधिकरणको भनाइ छ।

प्राधिकरणका लागि विसं २०८० मा चार हजार ४६ आगलागीका घटनामा करिब रु दुई अर्ब ५२ करोड बराबरको आर्थिक क्षति भएको छ। यस अवधिमा एक सय ८ जनाले ज्यान गुमाएका थिए भने पाँच सय चार घाइते भएका थिए। सो अवधिमा पाँच हजार एक सय १२ घरपरिवार प्रभावित भएका थिए । साथै पाँच सय ११ घरमा आंशिक र एक हजार ८३ घर पूर्णरुपमा क्षति पुगेको थियो । आठ सय ८६ गोठमा क्षति पुगेको दुई हजार १ सय ४८ पशु चौपैया क्षति भएको पाइएको छ। यस अवधिमा भने पाँच वर्षकै धेरै आगलागीका घटना भएको तथ्याङ्क छ।

विसं २०७९ तीन हजार २४ वटा आगलागीका घटना भएकोमा रु दुई अर्ब ५१ करोड बराबरको क्षति भएको थियो । सो अवधिमा भने एक सय नौ जनाको मृत्यु भएको थियो भने तीन सय ९२ जना घाइते भएका थिए। तीन हजार सात सय ३६ घर प्रभावित भएका थिए । साथै पाँच सय ८२ घर आंशिक र नौ सय ७६ घर पूर्ण रुपमा क्षति पुगेको थियो । यस अवधिमा सात सय १८ गोठ र दुई हजार ८६ पशुचौपयामा क्षति पुगेको प्राधिकरणको भनाइ छ।

यसैगरी २०७८ सालमा भने दुई हजार छ सय ३१ वटा आगलागीका घटना हुँदा दुई अर्ब २६ करोड बराबरको क्षति हुँदा ९२ जनाले ज्यान गुमाएका छन् थिए भने तीन सय ७९ जना घाइते भएका थिए। यस अवधिमा आगलागीका कारण दुई हजार आठ सय ५७ घरपरिवार प्रभावित भएका थिए । साथै सात सय २५ घर आंशिक तथा सात सय ४९ घरमा पूर्णरुपमा क्षति पुगेको थियो । यस अवधिमा छ सय १३ गोठमा क्षति पुगेको र नौ सय ६८ पशु चौपयामा क्षति पुगेको थियो ।

विसं २०७७ सालमा दुई हजार छ सय ३१ वटा आगलागीका घटना भएकोमा रु एक अर्ब ८५ करोड बराबरको क्षति पुगेको थियो । साथै ९७ जनाको मृत्यु भएको थियो भने तीन सय ७९ जना घाइते भएका थिए। यस अवधिमा तीन हजार चार सय २७ परिवार प्रभावित भएका थिए साथै छ सय ९५ घरमा आंशिक र एक हजार एक सय ३८ घरमा पूर्ण रुपमा क्षति पुगेको थियो । प्राधिकरणको तथ्याङ्कअनुसार सात सय ९७ गोठमा क्षति पुगेको थियो भने एक हजार चार सय २८ पशु चौपायामा क्षति पुगेको छ।

आगलागीजन्य विपद्बाट क्षतिग्रस्त निजी आवास मर्मत वा अस्थायी आवास अनदानको व्यवस्था गरिएको छ। आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनःनिर्माण तथा पुनःस्थापना अनुदान वितरण कार्यविधि, २०७८ मा मर्मत वा अस्थायी आवासका लाभग्राहीले सम्झौताअनुसार काम सुरु गरेको अवस्थामा रु २५ हजार र कार्य सम्पन्न गरेको प्राविधिक जाँचपास प्रतिवेदनको आधारमा रु २५ हजार गरी जम्मा रु ५० हजार पाउने उल्लेख छ।

आगलागीजन्य विपद्बाट क्षतिग्रस्त निजी आवास पुनःनिर्माण वा पुनःस्थापनाका लाभग्राहीले निजी आवास पनुःनिर्माण वा पुनःस्थापनाका लागि क्षतिको यथार्थ प्राविधिक मूल्याङ्कनका आधारमा हिमाली जिल्लामा बढीमा रु पाँच लाख, पहाडी जिल्लामा बढीमा रु चार लाख र तराईका जिल्लामा बढीमा रु तीन लाख गरी तीन किस्तामा पाउने कार्यविधि छ।

सम्झौता हुनासाथ पहिलो किस्ताबापत रु ५० हजार, 'प्लिन्थ लेभल'सम्म आवास निर्माण सम्पन्न गरिसकेपछि अनसूची-६ बमोजिम निर्माण सम्पन्न गरेको प्राविधिकजाँच प्रतिवेदनको आधारमा दोस्रो किस्ताबापत हिमाली जिल्लामा रु दुई लाख ५० हजार, पहाडी जिल्लामा रु दुई लाख र तराईका जिल्लामा रु एक लाख ५० हजार अनुदान पाउने कार्यविधिमा उल्लेख गरिएको छ।

तर सरकारी निकाय वा संस्थाबाट अनुदान प्राप्त गर्ने गलत मनसायले जानाजानी वा लापर्बाहीपूर्वक घर आगलागी गरेमा वा वन डढेलो वा आगलागीजन्य अन्य कार्य गरेको पाइएमा कुनै पनि अनदान रकम उपलब्ध नहुने समेत कार्यविधि उल्लेख छ। कार्यविधि अनुसार जानाजानी वा लापर्बाहीपूर्ण कार्य गर्नेलाई प्रचलित कानून बमोजिम कडाकारबाही गरिनेछ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण कार्यकारी प्रमुख अनिल पोखरेलले हरेक वर्ष बढ्दो आगलागी तथा वन डढेलो न्यूनीकरण तथा व्यवस्थापनका लागि संरचनागत सुधार, उपकरण हस्तान्तरण, सूचना प्रणालीको विकास, प्रभावकारी संचार, तहगत प्रशिक्षण सहितका पहल गरिरहेको जानकारी दिनुभएको छ। "आगलागी नियन्त्रणका लागि हामीसँग भएका अग्नि नियन्त्रणका उपकरणहरु पर्याप्त हुन नसक्दा प्रभावकारी रुपमा नियन्त्रणका गतिविधि सञ्चालन गर्न सकिरहेका छैनौं," उहाँले भन्नुभयो, "पर्याप्त बजेट अभावका कारण ति उपकरणहरु खरिद हुन सकेको छैन ।"

आगलागी र डढेलोको जोखिम कम गर्न आगलागी नियन्त्रणमा प्रयोग हुने सामग्री जिल्ला तथा स्थानीय तहलाई वितरण, सबै खालका सञ्चारमाध्यममार्फत सचेतनामूलक सामग्रीको प्रकाशन तथा प्रशारण, सरोकारवाला निकायसँग विपद् संवाद, तालिम संचालन तथा स्व-अध्ययन सामग्रीको उपलब्धता, आवास गुमाएका नागरिकको उद्धार तथा तुलनात्मक रुपमा सुरक्षित आवास निर्माण गर्न अनुदान वितरण लगायतका कार्यहरु गरेको पोखरेलले जानकारी दिनुभयो।

प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईका अनुसार पनि बस्तीका आगलागीमध्ये विद्युत् 'सर्ट' हुनु, वन डढेलो बस्तीमा सर्नु, सतर्कता अपनाउन नसक्नुले गर्दा बस्तीमा आगलागी हुने गर्छ। "फुस तथा घरका छाना, काठका घरहरु छन् भने घाना पकाउने क्रममा पनि आगलागी भएका घटना छन्। चाडपर्वमा बत्ती बालेर छोड्दा पनि आगलागीका घटना बढेको पाइएको छ", उहाँले भन्नुभयो।

आगलागी नियन्त्रणका लागि दमकल र फयरपम्प पर्याप्त नहुँदा समस्या भएको उहाँको भनाइ छ। "दमकल एक सय ५८ वटा चालु

*बाँकी तीन पृष्ठमा*

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**कंचनरुप नगरपालिका, सप्तरी**

# सम्भावित महामारी नियन्त्रण र रोकथाम कार्य सुरु

काठमाडौँ, २८ वैशाख (रासस) ।
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले महामारी रोकथाम र नियन्त्रण गर्नका लागि 'महामारी तयारी र प्रतिकार्य कोष' परियोजना सुरु गरेको छ ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले परियोजना अन्तर्गत बिभिन्न रोगको सतर्कता र प्रारम्भिक चेतावनी, जनशक्ति उत्पादन, प्रयोगशाला विस्तार र सुधारलगायत क्षेत्रमा खर्च गरिने बताउनुभयो । "कुनै महामारी आयो भने तयारी गर्नका लागि परियोजना सञ्चालन गरिएको छ", उहाँले भन्नुभयो, "कोरोना भाइरसजस्तो महामारी फेरि नआउला भन्न सकिन्न । त्यसैले सम्भावित महामारीको क्षति कम गर्न, निदान र उपचारको तयारी गर्नका लागि परियोजना सञ्चालन गरिएको हो ।" सङ्घ, प्रदेश तहमा पनि परियोजना लागू गरिने छ ।

कूल एक करोड ८८ लाख अमेरिकी डलरमा सुरु भएको उक्त परियोजना विश्व स्वास्थ्य सङ्गठन, युनिसेफ र खाद्य तथा कृषि सङ्गठनको संलग्नतामा तीन वर्षसम्म सञ्चालन हुनेछ । उहाँका अनुसार विश्व स्वास्थ्य सङ्गठनमा आबद्ध रहेका देशले कोरोना भाइरसको बेला बनाएको कोषबाट नेपाललाई उक्त रकम प्राप्त भएको हो ।

महामारी कोषबाट परियोजना सञ्चालन गर्नका लागि विश्वभरिका एक सय ३३ देशबाट एक सय ७९ आवेदनमध्ये नेपालको प्रस्ताव छनोट भएको हो । नेपालमा २०७६ सालमा कोरोना भाइरस महामारी देखिएको थियो । कोरोना भाइरसका कारणले करिब १२ हजार मानिसको मृत्यु भइसकेको छ ।

## *आगलागीबाट ...*

अवस्थामा छन् भने २२ वटा बिग्रिएको अवस्थामा छन् र एक सय १४ ओटा फायरपम्प स्थानीय तहमा वितरण भएका छन्", उहाँले भन्नुभयो, "यी उपकरणहरु पर्याप्त छैनन् ।"

आगलागी नियन्त्रणका दक्ष जनशक्ति नहुँदा पनि समस्या भइरहेको भन्दै भट्टराईले स्थानीय तहलाई पनि आगलागी नियन्त्रणसम्बन्धी तालिम आवश्यकता रहेकामा जोड दिनुभएको छ । प्राधिरकणका अनुसार यस वर्ष पनि वर्षा कम भएको र आगलागी तथा बन डढेलाका घटनाहरुको जोखिम अधिक भएकोले पनि यसतर्फ प्राधिकरणले विशेष ध्यान दिएको छ ।

इसिमोड र वन तथा भू-संरक्षण विभागको साझेदारीमा डढेलो पहिचान तथा अनुगमन प्रणालीको प्रयोग गरी प्रत्येक दिन देशभर लागेको डढेलोको अनुगमन गर्ने व्यवस्था गरिएको छ । आगलागी र वन डढेलोको जोखिमको अवस्थाको जानकारी प्राप्त गरी सोहीअनुसार न्यूनीकरण तथा नियन्त्रणका कार्य सञ्चालन गर्न आगलागी तथा वन डढेलोसम्बन्धी 'लाइभ' जानकारी समेत दिँदै आइएको छ ।

# सहकारी प्रकरणबारे संसदीय छानबिन समिति बनाउनुपर्ने लोसपाको माग

काठमाडौँ, २८ वैशाख (रासस) ।
लोकतान्त्रिक समाजवादी पार्टीले सहकारीको रकम अपचलनबारे सत्यतथ्य पत्ता लगाउन संसदीय छानबिन समिति गठनको माग गर्ने निर्णय गरेको छ ।

पार्टीको शुक्रबार बसेको संसदीय दलको बैठकले सहकारीको अर्बौं रकम हिनामिनामा हुँदा लाखौँ बचतकर्ता प्रत्यक्ष प्रभावित भएकाले अविलम्ब समिति गठन हुनुपर्ने माग गरेको सो पार्टीका प्रमुख सचेतक रामप्रकाश चौधरीले जानकारी दिनुभयो ।

बैठकले तराई मधेसका विभिन्न स्थानमा आगलागी भएको र पीडितलाई राहत उपलब्ध गराउन सङ्घीय सरकारसमक्ष माग गर्ने समेत निर्णय गरेको छ । साथै जलवायु परिवर्तन र चुरे विनाशका कारण तराई मधेसमा खानेपानीको समस्या दिनानुदिन विकराल हुँदै गएकोमा सङ्घीय सरकारद्वारा तत्कालीन र दीर्घकालीन उपाय अवलम्बन गरेर जनतालाई राहत प्रदान हुनुपर्ने निर्णय समेत बैठकले गरेको छ ।

# संसदीय छानबिन समिति नबनेसम्म सदन अगाडि बढ्दैनः महामन्त्री थापा

काठमाडौँ, २८ वैशाख (रासस) ।
प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले संसदीय छानबिन समिति नबनेसम्म संसदको काम कारबाही अगाडि नबढ्ने बताउनुभएको छ ।

प्रतिनिधिसभाको शुक्रबारको बैठक सुरु भए लगत्तै नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टीका सांसद उठेर विरोध जनाउनुभएको थियो । त्यसपछि सभामुख देवराज घिमिरेले नेपाली कांग्रेसका महामन्त्री थापालाई भनाइ राख्न समय दिनुभयो ।

थापाले संसदीय छानबिन समिति नबनेसम्म सदनको कुनैपनि कारबाही अगाडि बढाउने कुरामा कांग्रेसको साथ नहरने स्पष्ट पार्नुभयो । "सहकारीको रकम हिनामिना प्रकरणमा संसदीय छानबिन समिति गठन नभएसम्म सदनका कुनै पनि काम कारबाहीमा कांग्रेसको साथ रहदैन । यसको जिम्मेवार कांग्रेस होइन, सत्तापक्ष हो", उहाँले भन्नुभयो । संसद्भित्र प्रमुख प्रतिपक्षी दलले गम्भीरतापूर्वक विषय उठाइसकेपछि सुनुवाइ हुनुपर्ने उहाँको भनाइ थियो ।

सांसद थापाले भनाइ राख्नु भएपछि सभामुखले बैठक सञ्चालन गर्दै राष्ट्रपतिको कार्यालयबाट प्राप्त विभिन्न पत्र पढेर सुनाउने क्रममा नेपाली कांग्रेसका सांसदहरु 'रोष्ट्रम' घेराउ गर्न पुग्नुभएको थियो ।

# संसदीय छानबिन समिति गठन गर्न प्रमुख प्रतिपक्षको माग

काठमाडौँ, २८ वैशाख (रासस) ।
प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेसमेत जोडिएको सहकारीको रकम अनियमितताका सम्बन्धमा संसदीय छानबिन समिति गठन गर्न माग गर्नुभएको छ ।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा दलका तर्फबाट धारणा राख्दै नेता सिटौलाले उक्त समिति गठन नभए सदनका बैठक सञ्चालनमा सहजता नआउने स्पष्ट गर्नुभयो । "संसदमा पटक-पटक संसदीय छानबिन समिति गठन गरौँ भनेर कुरा उठाउदै आएका छौँ", उहाँले भन्नुभयो, "जहाँनिर शक्ति छ त्यहाँ छानबिन बन्द छ । गृहमन्त्रीको राजीनामा मागिएको छैन । कुरा उठेपछि वास्तविकता थाहा हुनुपर्छ ।"

उहाँले आफ्नो पार्टीको संसदीय दलको निर्णय पनि गृहमन्त्रीमाथिको छानबिन समिति बनाउनुपर्छ भन्ने रहेको बताउँदै समिति गठन नभए संसद् बैठक अघि बढ्न नसक्ने बताउनुभयो ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**रुपनी गाउँपालिका, सप्तरी**

## विश्व समाचार

# भारतको सर्वोच्च अदालतद्वारा केजरीवाललाई जमानतमा रिहा

नयाँदिल्ली, २८ वैशाख (रासस/एएफपी) ।
भारतको सर्वोच्च अदालतले शुक्रबार कारागारमा रहेका प्रधानमन्त्री नरेन्द्र मोदीका प्रतिद्वन्द्वीलाई जमानतमा रिहा गर्न आदेश दिएको छ । यसबाट उहाँलाई विद्यमान राष्ट्रिय निर्वाचनमा प्रचार गर्न अनुमति प्राप्त भएको छ । राजधानी दिल्लीका मुख्यमन्त्री तथा निर्वाचनमा मेदीको सामना गर्नका लागि गठित विपक्षी गठबन्धनका नेता अरविन्द केजरीवाललाई लामो समयदेखि चलिरहेको भ्रष्टाचारको अनुसन्धानको सिलसिलामा मार्चमा हिरासतमा लिइएको थियो ।

आपराधिक अनुसन्धानको दायरामा आउने समूहका धेरै नेतामध्ये उहाँ एक हुनुहुन्छ । उहाँका एक सहकर्मीले निर्वाचनभन्दा एक महिनाअघि उहाँको गिरफ्तारीलाई सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) द्वारा रचित 'राजनीतिक षड्यन्त्र' का रूपमा वर्णन गर्नुभएको छ । सर्वोच्च अदालतका न्यायाधीशद्वय सञ्जीव खन्ना र दीपाङ्कर दत्ताले केजरीवाल छ साताको निर्वाचनमा मतदानको अन्तिम दिन जुन १ सम्म हिरासतबाट बाहिर रहन सक्नुहुने बताउनुभएको छ ।

सन् २०२१ मा मदिराको बिक्रीलाई उदार बनाउने र यस क्षेत्रमा आकर्षक सरकारी हिस्सेदारी छाड्ने नीति लागु गर्दा केजरीवालको सरकारमाथि भ्रष्टाचारको आरोप लगाइएको थियो । उक्त नीतिलाई अर्को वर्ष फिर्ता लिइयो तर लाइसेन्सको कथित भ्रष्ट विनियोजनमा नतिजाको अनुसन्धानले केजरीवालका दुई शीर्ष सहयोगीहरूलाई कारागार पुर्‍यायो । बारम्बार गलत कामलाई अस्वीकार गर्दै आउनुभएका केजरीवालको समर्थनमा उहाँको गिरफ्तारीपछि भारतभरका अन्य धेरै ठूला सहरमा जुलुस निकालिएको थियो । करिब एक दशकसम्म मुख्यमन्त्री रहनुभएका ५५ वर्षीय केजरीवाल पहिलोपटक कट्टर भ्रष्टाचारविरोधी योद्धाका रूपमा कार्यालय आउनुभएको थियो । उहाँले अनुसन्धानको हिस्साका रूपमा सोधपुछका लागि भारतको वित्तीय अपराध एजेन्सी प्रवर्तन निर्देशनालयको बोलावट आदेशको विरोध गर्नुभएको थियो ।

मोदीका राजनीतिक विरोधीहरू र अन्तर्राष्ट्रिय अधिकार समूहहरूले लामो समयदेखि भारतको सङ्कुचित लोकतान्त्रिक स्थानप्रति चिन्ता व्यक्त गर्दै आएका छन् । विपक्षी कांग्रेस पार्टीका सबैभन्दा प्रमुख सदस्य तथा दशकौंसम्म भारतीय राजनीतिमा वर्चश्व कायम गर्ने वंशका राहुल गान्धीलाई गत वर्ष मोदीको पार्टीका एक सदस्यको उजुरीपछि आपराधिक मानहानिमा दोषी ठहराइएको थियो । उक्त फैसलालाई उच्च अदालतले निलम्बन नगरेसम्म उहाँको दुई वर्षको कारागार सजायले उहाँलाई केही समयका लागि संसद्बाट अयोग्य घोषित गरेको थियो । केजरीवाल र गान्धी दुवै दुई दर्जनभन्दा धेरै पार्टीबाट बनेको विपक्षी गठबन्धनको सदस्य हुनुहुन्छ र उक्त गठबन्धनले संयुक्तरूपमा भारतको निर्वाचनमा प्रतिस्पर्धा गरिरहेको छ ।

# एयर इन्डिया एक्सप्रेसका कर्मचारीको हडताल समाप्त

नयाँदिल्ली, २८ वैशाख (रासस/एएफपी) ।
उडान तालिकामा दुई दिनको गम्भीर अवरोधपछि विमान सेवाका कर्मचारीको हडताल समाप्त भएको एयर इन्डियाले जनाएको छ । ऋणमा डुबेपछि उक्त एयरलाइन्सलाई निजीकरण गर्ने सरकारी प्रयासपछि सन् २०२२ मा भारतीय टाटा समूहले एयरलाइन्सको स्वामित्व आफूले लिएको थियो । मिडिया रिपोर्टका अनुसार टाटा समूहले कर्मचारीको भर्ती र पदोन्नती जस्ता विषयमा नयाँ नीतिहरु सार्वजनिक गरेसँगै कर्मचारीले त्यसको विरोध गरेका थिए ।

एयर इन्डिया एक्सप्रेसका दर्जनौं केबिन क्रू कर्मचारीहरू मङ्गलबार रातिदेखि बिरामी परेको भन्दै काममा आएका थिएनन् । जसले गर्दा एयरलाइन्स कम्तिमा एक सय ७५ वटा उडानहरु ढिलाइ तथा रद्द गर्नु परेको थियो । बिहीबार जारी विज्ञप्तिमा एयरलाइन्सका प्रवक्ताले कर्मचारीसँगको बैठकपछि समय तालिकालाई जतिसक्दो चाँडो लयमा फर्काउन काम गरिरहेको जनाइएको छ । विज्ञप्तिमा अनपेक्षित अवरोधहरूबाट सेवाग्राहीमा पुगेको असुविधाप्रति क्षमा मागिएको छ । भारतीय सञ्चार माध्यमका अनुसार एयरलाइन्सले बर्खास्त गरेका कम्तीमा २० जना हड्ताली कर्मचारीलाई पुनः काममा फर्काइएको छ ।

# थाइल्यान्डमा यस वर्षसम्म अत्यधिक गर्मीले ६१ को मृत्यु

बैङ्कक, २८ वैशाख (रासस/एएफपी) ।
थाइल्यान्डमा यस वर्षको अहिलेसम्म अत्यधिक गर्मीले ६१ जनाको ज्यान लिएको छ । यो २०२३ को तुलनामा धेरै तातो भएको उल्लेख गर्दै स्वास्थ्य मन्त्रालयले सम्पूर्ण क्षेत्रमा यो सातासम्म अत्यधिक गर्मी भएको बताएको छ । हालैका साताहरूमा थाइल्यान्डमा असाधारण तातो मौसमको लहरले अधिकारीहरूले लगभग दैनिक आधारमा यसबारेमा चेतावनी जारी गर्नुपर्‍यो ।

स्वास्थ्य मन्त्रालयले शुक्रबार सन् २०२४ को सुरुदेखि गर्मीका कारण ६१ जनाको मृत्यु भएको बताएको छ । सन् २०२३ मा ३७ जनाको मृत्यु भएको थियो । थाइल्यान्डको उत्तरपूर्वी कृषिप्रधान क्षेत्रमा गर्मीका कारण सबैभन्दा धेरै मृत्यु भएको मन्त्रालयले जनाएको छ । वैज्ञानिकहरूले लामो समयदेखि मानव-प्रेरित जलवायु परिवर्तनले अधिक बारम्बार, लामो र अधिक तीव्र तातो छालहरू उत्पादन गर्ने चेतावनी दिएका छन् । संयुक्त राष्ट्रसङ्घको मौसम विज्ञान सङ्गठनका अनुसार अल निनोको घटनाले यस वर्षको असाधारण गर्मीको मौसमलाई ल्याउन सहयोग गरिरहेको छ । एसिया पनि विश्वव्यापी औसतभन्दा तीव्र गतिमा तातो भइरहेको छ ।

थाइल्यान्डको रोग नियन्त्रण विभागका सहायक अपिचार्ट वाचिराफानले अन्तर्निहित चिकित्सकीय अवस्था भएका मानिसहरूलाई बाहिर निस्कने समयलाई सीमित गर्न चेतावनी दिनुभयो । सामान्य भन्दा लामो समयसम्म चल्ने तातो मौसमको साथ यस वर्ष राज्यले मनसुनको मौसममा ढिलाइ अनुभव गरेको छ । यस हप्ता राज्यका केही भागमा आँधीबेहरी आउँदा तापक्रम कम भएको छ तर अधिकारीहरूबाट सम्भावित बाढीको चेतावनी ल्याएको छ ।

# स्रोत नखुलेको रु ९८ लाखसहित दुई जना पक्राउ

काठमाडौँ, २८ वैशाख (रासस) ।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले स्रोत नखुलेको रु ९८ लाख रकमसहित दुई जनालाई पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा रुपन्देही सियारी गाउँपालिका-७ बस्ने २८ वर्षीय समिर सुनार तथा सोही ठाउँका २९ वर्षीय मिलन बिक रहेको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सानुराम भट्टराईले शुक्रबार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “दरबारमार्गस्थित जय नेपाल हल नजिक गाडीमा रकम लिएर हिँडेको अवस्थामा बिहीबार उनीहरु पक्राउ परेका हुन् । पक्राउ परेकाहरु हुन्डी एवं सुन कारोबारमा पनि संलग्न रहेको हाम्रो प्रारम्भिक अनुसन्धानको निष्कर्ष छ ।”

प्रहरीले उनीहरुको साथबाट नगद रु ९८ लाख तथा बा १३ च ४८५८ नम्बरको फोर्ड कम्पनीको इको स्पोर्ट गाडी समेत बरामद गरेको जानकारी दिइयो ।

पक्राउ परेका २९ वर्षीय मिलन बिक यसअघि २०८० असोज १० गतेमा दोलखामा साढे ११ केजी अबैध सुन पैठारी तथा संलग्नमा पक्राउ पुर्जी जारी भई फरार भएको र निजको सम्पत्ति शुद्धीकरणमा समेत मुद्दा अनुसन्धानमा रहेको खुल्न आएको प्रमुख भट्टराईले बताउनुभयो ।

पक्राउ परेकाहरु विगत दुई वर्षयता आपराधिक गतिविधिमा संलग्न रहँदै आएको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको प्रहरीको भनाइ छ । पक्राउ परेकाहरुलाई हुण्डिसम्बन्धी कारोबार गर्न नहुने कसुरमा थप अनुसन्धानका लागि शुक्रबारै जिल्ला प्रहरी परिसर काठमाडौँ पठाइने जनाइएको छ ।

### मधेशी अधिकारका ...

राष्ट्रिय मुक्ति क्रान्ति अभियानका सदस्य दिपेन्द्र चौधरी, राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद गुरुङ, जनमत पार्टीका निर्वाचन क्षेत्र विकास समितिका सदस्य सुजित मंडल, जिल्ला इन्चार्ज रामगमन साह, नेपाल पत्रकार महासंघका केन्द्रिय परिषद् सदस्य मनोज कुमार मार्झी, पत्रकार महासंघ सप्तरी शाखाका कोषाध्यक्ष नवीनकुमार गुप्ता, सघन शहरी भवन निर्माण आयोजनाका इन्जिनियर सुतिक्षण यादव लगायतको उपस्थिति रहेको थियो ।

यसअघि जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. राउतले स्व. नेता गजेन्द्र नारायण सिंहको जन्मजयन्तीको अवसरमा राजविराजमा “गजेन्द्र स्मृती भवन तथा संग्रहालय” स्थापना हुने जानकारीसहित त्यसका लागि आफूले पहल गरेको बताए थिए ।

उनले राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परबिन र प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद गुरुङको पहलमा सो जग्गा उपलब्ध गराइएकोप्रति उनले दुबै जनालाई धन्यवाद समेत दिएका थिए ।

### ३४ बर्ष पछि ...

विभिन्न मञ्चहरुमा चर्चा गर्दै आएका थिए । गजेन्द्रबाबुको नामबाट राजविराजमा संग्राहलयको स्थापनाले उनको जिवनको हरेक अध्यायबारे नयाँ पीढीलाई अध्ययन गर्न सजिलो हुने बताउँछन् नेपाल पत्रकार महासंघ सप्तरीका पुर्व अध्यक्ष धीरेन्द्र प्रसाद साह ।

यसअघि पुरानो संरचनामा स्व. सिंहको नाम जोडिने कामप्रति असन्तुष्टि जाउँदै आएका साहले राजविराजमा सिंहको नामबाट संग्रहालय निर्माण गरेर बल्ल उनलाई दिईनुपर्ने सम्मानको राज्यले निरन्तरता दिएको बताए ।


भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

Wisdom School

Rajbiraj 2, (Near Rajdevi Mandir)

**Play Group to Class 9**

**“गुणस्तरिय शिक्षा हाम्रो प्रतिबद्धता”**

**हाम्रो विशेषताहरु**

- दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाबाट पठनपाठन गराइन्छ ।
- कम्प्युटर ल्याबको व्यवस्था भएको ।
- विज्ञान प्रयोगशालाको व्यवस्था भएको ।
- CC Camera को निगरानीमा पठनपाठन गराइन्छ ।
- Monthly Test को व्यवस्था भएको ।

सम्पर्क फोन नं. ०३१-५९०१९२

मोवाइल नं. ९८१२०२२१३५ (प्रिन्सिपल)

मो. नं. ९८०४७२६१९२, ९८४२८२३२७१





अनुरोधकर्ता

बोदेबरसाइन नगर कार्यपालिकाको कार्यालय, सप्तरी




अनुरोधकर्ता

बालनबिहुल गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी




अनुरोधकर्ता

खडक नगर कार्यपालिकाको कार्यालय, सप्तरी

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np